annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६१ पृष्ठ ८ | काठमाडौं, आइतबार १५ असार २०८२ | आषाढ शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | SUNDAY, JUNE 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# धान दिवस आउँछ, मल र सिँचाइ आउँदैन

असार १५ अर्थात् राष्ट्रिय धान दिवस। मानो रोपेर मुरी फलाउने दिनका रूपमा यो दिवस मनाइन्छ। तर, मलखाद र सिँचाइको अभावले किसान पिरलोमा छन्। त्यसैकारण मध्य असारसम्म पनि धेरै स्थानमा रोपाइँ हुन सकेको छैन। आकाशे पानीको भर र मलमा सरकारी निर्भरताले रोपाइँ गर्ने बेला किसान जहिल्यै मर्कामा पर्ने गरेका छन्।

**किशोर बुढाथोकी** | *विराटनगर*
**मनिका झा** | *जनकपुरधाम*
**राजेन्द्र कार्की** | *जाजरकोट*
**कृष्णमणि बराल** | *पोखरा*
**यादव आचार्य** | *गुलरिया*
**परमानन्द पाण्डे** | *टीकापुर*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

# अब एमालेको राजनीतिमा फर्केकी छु : पूर्वराष्ट्रपति भण्डारी

## ‘सदा झैं सबैको माया र विश्वास पाइरहुँ’



**रत्नप्रसाद आचार्य** | *काठमाडौं*

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमालेको राजनीतिमा फर्कने घोषणा गरेकी छिन्। एमालेका तत्कालीन महासचिव मदन भण्डारीको जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रमको सन्दर्भ पारेर पूर्वराष्ट्रपति भण्डारीले एमालेको राजनीतिमा सक्रिय हुन लागेको घोषणा गरेकी हुन्।

मदन भण्डारी फाउन्डेसनद्वारा शनिबार आयोजित ‘जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीको सन्दर्भमा आयोजित विचार गोष्ठी तथा मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण कार्यक्रममा’ पार्टी अध्यक्ष केपी ओली सहितका नेताहरूको उपस्थितिमा भण्डारीले पार्टी राजनीतिमा सक्रिय हुने बताइन्। दुई पटक गरी ७ वर्ष राष्ट्रपतिको कार्यकाल पूरा गरेकी भण्डारीले ‘एमालेमै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ एमालेको पार्टी सदस्यता नवीकरण गरेको’ बताइन्।

‘फरक ढंगको राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा (एमाले) मै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु,’ भण्डारीले भनिन्, ‘अब म नेकपा (एमाले) परिवारको एक सदस्यका रूपमा पुनः जोडिएको छु, यसमा म गर्व गर्दछु।’ उनले एमालेमा आबद्ध भएर जीवनभर राष्ट्र र जनताको सेवा गर्ने अठोट गरिसकेको बताइन्। आफू राष्ट्रपतिको भूमिकाबाट बाहिर आएदेखि सघन रूपमा नै भविष्यमा सामाजिक तथा राजनीतिक जीवनका बारेमा सञ्चारजगत र पार्टीको कार्यकर्ता पंक्तिबाट समेत चासो राखेको आफूले पाएको उनले बताइएन्। ‘म राष्ट्रपतिको भूमिकाबाट बाहिर आएदेखि र अलिपछि त सघन रूपमा नै भविष्यमा मेरो सामाजिक तथा राजनीतिक जीवनका बारेमा सञ्चारजगत र पार्टीका कार्यकर्ता पंक्तिबाट समेत चासो राखेको पाएको छु,’ उनले भनिन्। यिनै विषयहरूलाई गहन रूपमा चिन्तन-मनन गरेको र एमालेको राजनीतिमा फर्कने निष्कर्षमा पुगेको उनले स्पष्ट पारिन्।

एमाले पूर्वउपाध्यक्ष भण्डारीले पार्टीमा फर्किए पनि आफ्नो कुनै विशिष्ट महत्वाकांक्षा भने नभएको बताइन्। ‘देश र जनताको हित नै मेरो ध्येय र लक्ष्य हो। जननेता मदनले भन्ने गर्नुहुन्थ्यो- जनता भनेका भगवान हुन्। साथै उहाँले भन्नुभएको थियो, राजनीतिमा थकाई भन्ने शब्दावली हुँदैन।’ मदनको भनाइ र सपना साकार पार्न आवश्यक ठानेर आफू राजनीतिमा फर्किएको भण्डारीले बताइन्।

उनले पार्टीमा रहँदा मदनका व्यवहारका कसीबाट खारिएका यी भनाइलाई आदर्श मानेर आफू समर्पित बनिरहने पनि प्रतिबद्धता व्यक्त गरिन्। भण्डारीले आफ्नो राजनीतिक उतारचढावले धेरै कुरा सिकाएको, बुझेको र थप परिपक्व बनेको समेत बताइन्। आफूलाई जस्तै विगतले अरूलाई पनि महत्वपूर्ण शिक्षा र अनुभव अवश्य दिएको उनको भनाइ थियो।

‘समयको पदचापलाई राम्रोसँग बुझेर र त्यसलाई आत्मसात गरेर संयमतापूर्वक अग्रसर हुनुपर्छ,’ भण्डारीले भनिन्, ‘त्यसैले सदा झैं सबैको सधैंभरि माया र विश्वास गरिदिन पनि सबैसँग आग्रह गर्दछु।’

जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादको मार्गदर्शनमा सामाजिक-आर्थिक रूपान्तरण गर्ने दायित्व बाँकी नै रहेकाले आफू पुनः एमालेको राजनीतिमा फर्किएको भण्डारीले स्पष्ट गरिन्।

» बाँकी पृष्ठ ६



# एमाले एक ढिक्का भइसक्यो, कसैले फुटाउन सक्दैन : ओली

**काठमाडौं:** एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेलाई कसैले पनि फुटाउन नसक्ने बताएका छन्। एमाले झन् शक्तिशाली पार्टी भन्दै गएकाले प्रतिक्रियावादीहरूले एमालेविरुद्ध भ्रम फैलाउने काम गरिरहेको बताएका छन्। शनिबार मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसरमा राष्ट्रियसभा गृहमा आयोजित जबजका तीन दशक राष्ट्रिय गोष्ठीलाई सम्बोधन गर्दै ओलीले उक्त कुरा बताएका हुन्।

ओलीले एमालेलाई कमजोर बनाउने उद्देश्यले पार्टी फुटाएर जानेहरू अहिले दिउँसै लाइट बालेर खोज्नुपर्ने अवस्थामा पुगेको बताए। ‘एमाले सशक्त छ, एमालेका सबै नेता कार्यकर्ताहरूले गलत प्रवृत्तिको सामना गर्दै रक्तवीर पार्टी बनाएका छां, ओलीले भने, ‘अब एमाले फुटाउन कसैले नसोचे हुन्छ। एमाले एक ढिक्का भइसकेको छ।’

उनले एमालेमा ओली र विद्या भण्डारीले बम पड्काउँछन् भनेर आस गरेर बस्नेहरू पनि रहेकाले त्यस्तो आस नगर्न पनि चेतावनी दिए। ‘हिजो एमालेको नेतृत्व गर्नेहरूले व्यक्तिगत स्वार्थका लागि पार्टी फुटाएको र निर्वाचन आयोगमा घिसार्न र घिसारी माग्नेहरूले समेत एमालेलाई कमजोर बनाउन सकेनन्,’ ओलीले भने।

उनले एमालेमा सबै मिलेर मिसन २०८४ लाई सफल बनाउन र समृद्ध नेपाल र सुखी नेपाली अभियानलाई सार्थक पार्ने पनि बताए। पूर्वराष्ट्रपति विद्या भण्डारी पार्टीको राजनीतिमा फर्कने प्रशंग कोट्याउँदै ओलीले भने, ‘एमालेमा न मैले बम पड्काउन सक्छु न विद्या भण्डारीले नै सक्नु हुन्छ।’ उनले भण्डारी एमालेमा फर्कने भएपछि प्रतिक्रियावादीहरूले एमालेलाई कमजोर बनाउन भ्रम सिर्जना गरेको पनि आरोप लगाए। ‘मदन भण्डारी फाउन्डेसन कार्यक्रममा केपी ओलीले बहिष्कार गर्छ भने केही प्रतिक्रियावादी र केही अनलाइनहरूले गलत प्रचार गरे,’ ओलीले भने।

मदन भण्डारीले एमालेको चौथो महाधिवेशनमा महासचिवको नेतृत्व लिन अगुवाई नगरेको तर, आफूहरूले नै अगुवाई गरेर महासचिव बनाएको बताए। उनले मदन बिनाका तीन दशक अत्यन्तै चुनौतीपूर्ण बितेको पनि बताए। संघर्षको मैदानबाट जन्मिएको मदन भण्डारीलाई प्रतिक्रियावादीहरूले फुत्त निस्किएको नेता भनेर भ्रम छरेको पनि बताए।

उनले मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको सिद्धान्त र मदनले नेपालको राजनीतिमा पुर्‍याएको महत्वपूर्ण योगदान नै एमाले शक्तिशाली पार्टी बन्ने आधार भएको बताए। आफ्नै नेतृत्वको सरकारका पालामा विकासमा आमूल परिवर्तन गरेको पनि उनले बताए।

» बाँकी पृष्ठ ६

# ८८ हजार अफगानी इरानबाट स्वदेश फिर्ता

**काबुल** (एजेन्सी) : अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) लाई उद्धृत गर्दै खामा प्रेसले इरानबाट एकै सातामा ८८ हजारभन्दा बढी कागजातविहीन अफगानी आप्रवासीलाई देश निकाला गरिएको जनाएको छ।

आइओएमको जुन २८ को अपडेटअनुसार जुन १८ देखि जुन २६ सम्म कुल ८८ हजार ३०८ जना कागजातविहीन अफगानी नागरिकलाई इरानबाट जबर्जस्ती अफगानिस्तान फर्काइएको छ। तीमध्ये ११ प्रतिशतले मात्र स्रोतको सीमितताका कारण मानवीय सहायता प्राप्त गरेको उल्लेख गर्दै अति जोखिममा रहेकाहरूको आधारभूत आवश्यकता पूरा गर्न तत्काल अन्तर्राष्ट्रिय कोषको माग गरेको छ।

यस अवधिमा स्वदेश फर्केकामध्ये ५५ प्रतिशतलाई जबर्जस्ती देश निकाला गरिएको र ६४ प्रतिशत परिवारको रूपमा यात्रा गरिरहेको प्रतिवेदनमा उल्लेख छ। यसअघि, जुन १० देखि जुन १७ को बीचमा ३२ हजार ८४४ जनालाई स्वदेश फर्काइएको थियो। विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार जुन १ देखि जुन १५ सम्म इरान र पाकिस्तानबाट ७१ हजारभन्दा बढी आप्रवासी स्वदेश फर्केका छन्।

